लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय
सामाजिक विकास डिभिजन कार्यालय
नेपालगंज, बाँके

☎०८१-५५०२८१
website :sddobanke.lumbini.gov.np
Email : sddobanke@gmail.com

प.सं.:- २०८१/०८२
च.नं. :-

## आधारभुत तह (अण्डर १४) फुटवल प्रशिक्षण तथा प्रतियोगिता कार्यक्रमको प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ।

**(प्रथम पटक प्रकाशित मितिः २०८२/०१/२७)**

यस कार्यालयको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रमहरुमध्ये ब.उ.शि.नं. ३५०००१८३ (युवा तथा खेलकुद कार्यक्रम) तर्फ क्रियाकलापन नं. २.७.१४.१०५ (आधारभुत तह (अण्डर १४) फुटवल प्रशिक्षण तथा प्रतियोगिता कार्यक्रम कोहलपुर, बाँके) अन्तर्गत यस कार्यालयसँगको साझेदारीमा कोहलपुर नगरपालिकाभित्र बसोबास गर्ने योग्यता पुगेका १४ वर्षसम्मका युवायुवतीहरुको सहभागीतामा आधारभूत तह (अण्डर१४) फुटबल प्रशिक्षण तथा प्रतियोगिता सञ्चालनका लागि तपसिल बमोजिमका मापदण्ड पुगेका खेलकूदसँग सम्बन्धित संघ, संस्थाहरुलाई निम्नानुसारका कागजातसहित यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र यस कार्यालयमा प्रस्ताव पेश गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ । थप कुरा बुझ्नुपरेमा कार्यालय समयमा सम्पर्क राखी बुझ्न सक्नुहुनेछ ।

**तपसिल :-**

- संस्थाको विधानमा खेलकूद क्षेत्र अनिवार्य रुपमा उल्लेख भएको हुनु पर्नेछ । प्रस्ताव माग गरिएको विषयसँग संस्थाको विधानमा उक्त कार्य गर्ने उदेश्य रहेको र कार्यक्षेत्र मिलेको हुनु पर्नेछ ।
- कोहलपुर नगरपालिकाभित्र बसोबास गर्ने योग्यता पुगेका १४ वर्षसम्मका युवायुवतीहरुको सहभागीतामा आधारभूत तह (अण्डर१४) फुटबल प्रशिक्षण तथा प्रतियोगिता सञ्चालन गर्नु पर्नेछ ।
- आधारभूत तह (अण्डर १४) फुटबल प्रशिक्षण तथा प्रतियोगिता कार्यक्रम संचालन गर्नुपर्ने स्थान: कोहलपुर न.पा. वडा नं. ०१ स्थित रहेको श्री कृष्ण मा.वि. कौशिलानगरको खेलमैदान, कोहलपुर न.पा. वडा नं.१० स्थित रहेको श्री त्रिभुवन मा.वि. को खेलमैदान र कोहलपुर न.पा. वडा नं.१२ स्थित रहेको श्री ज्ञानज्योति मा.वि. चप्परगौढीको खेलमैदानमा आधारभूत तह (अण्डर १४) फुटबल प्रशिक्षण र सबैलाई पायक पर्ने स्थानमा फुटबल प्रतियोगिता संचालन गर्ने गरी प्रस्तावना पेश गर्नुपर्ने छ।
- प्रस्तावमा आधारभूत तह (अण्डर१४) फुटबल प्रशिक्षण कार्य गराउने प्रशिक्षक तथा सहायक प्रशिक्षकको अनुभव, क्षमता र योग्यता निम्नानुसार हुनुपर्नेछ :-
  - ✓ प्रशिक्षकले राष्ट्रिय खेलकुद राष्ट्रिय खेलकूद परिषद् वा प्रदेश खेलकूद परिषद् वा जिल्ला खेलकूद विकास समितिबाट कम्तिमा स्कुल स्पोटर्स टीचर्स लेभल-२ को प्रशिक्षक र लेभल-१ गरेको सहायक प्रशिक्षकले फुटवल कोर्ष गरेको हुनु पर्नेछ ।
  - ✓ फिफा महिला फिटवल कोचिङ कोर्ष गरेको हुनु पर्नेछ ।
  - ✓ ए.एफ.सी. लाईसेन्स भएर उक्त क्षेत्रमा क्रियाशिल रही प्रशिक्षकको रुपमा काम गरिरहेको हुनु पर्नेछ ।
  - ✓ एन्फा रेफ्री कोर्ष गरेको हुनुपर्नेछ ।
  - ✓ फिफा अन्तर्गत Grassroot Football कोर्ष गरेको हुनु पर्नेछ ।
  - ✓ राष्ट्रिय तथा प्रदेश स्तरीय खेलकुद प्रतियोगितामा सहभागी भएको हुनु पर्नेछ ।
- प्रस्तावमा आधारभूत तह (अण्डर१४) फुटबल प्रशिक्षण तथा प्रतियोगितामामा समावेश गरिने खेलको विधा, खेलको समय तालिका, सहभागी हुने खेलाडी संख्या, प्रशिक्षक, अफिसियल तथा रेफ्री संख्या, प्रशिक्षण तथा प्रतियोगिता

उद्धव प्रसाद श्रेष्ठ
निमित्त कार्यालय प्रमुख

☎ ०८१-५५०२८१

website :sddobanke.lumbini.gov.np

Email : sddobanke@gmail.com


प.सं.:- २०८१/०८२

च.नं. :-

सञ्चालन हुने मिति र तोकिएको स्थान, प्रतियोगिताको विभिन्न शीर्षक अनुसारको कूल लागत रकम तथा सो रकम साझेदार गर्ने संस्था स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ ।

- आधारभूत तह (अण्डर१४) फुटबल प्रशिक्षण तथा प्रतियोगितामाको आयोजना, सञ्चालन र व्यवस्थापन गर्ने जिम्मेवारी सम्बन्धित खेलसंबद्ध संस्थाको हुने र यस कार्यालयले पुरस्कार, रेफ्री, प्रशिक्षक, अफिसियलको पारिश्रमिक, मेडल, पोशाक, खेलकुद सामग्री लगायत अन्य खर्च शीर्षकमा कार्यालयबाट निर्णय भए बमोजिमको बजेट साझेदारी गर्ने र सम्बन्धित संस्थाले व्यहोर्नु पर्नेछ ।
- संघ संस्था दर्ता र चालु आ.ब. का लागि नवीकरण भएको प्रमाणपत्र, स्थायी लेखा नम्बर, आ.व. २०८०/०८१ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी, संस्थाको कम्तीमा आ.ब. २०८०/०८१ को लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपी, संस्थाको विधानको प्रतिलिपी, संस्थासँग प्राविधिक जनशक्ति र अनुभव सम्बन्धी कागजात, फुटबल प्रशिक्षण तथा प्रतियोगिता व्यवस्थापनमा मुख्य भूमिका निर्वाह गर्ने व्यक्तिलाई जिम्मेवारी दिएको निर्णयको प्रतिलिपी प्रस्तावका साथमा पेश गर्नुपर्नेछ ।
- अनुभव गणना गर्दा आधारभूत तह (अण्डर १४) फुटबल प्रशिक्षण तथा प्रतियोगिता प्रदायक क्लब, व्यक्ति, कम्पनी, संस्था वा फर्मको मात्र मान्यता दिइनेछ ।
- प्रस्तावित कार्यक्रम सम्पन्न गर्न लाग्ने समयावधि चालू आर्थिक वर्षको २०८२ साल आषाढ १५ गते सम्म रहनेछ।
- प्रस्तावदाताहरुबाट पेश गरिने सम्पूर्ण कागजातहरुको प्रमाणित गर्नु पर्नेछ।
- यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समयभित्र सामाजिक विकास डिभिजन कार्यालय नेपालगंज, बाँकेमा प्रस्तावना सिलबन्दी गरी दर्ता गर्नुपर्नेछ । अन्तिम मितिको दिन विदा परेमा सोको लगतै कार्यालय खुलेको दिन १२:०० बजे सम्म कार्यालयमा दर्ता गर्नुपर्नेछ । म्याद नाघी प्राप्त भएको वा रीत नपुगी प्राप्त प्रस्ताव फाराम उपर कुनै कारवाही गरिने छैन।
- कुनै कारण जनाइ वा नजनाई छनौट गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।
- यस कार्यालयले उपलब्ध गराएको ढाँचामा प्रस्तावना पेश गर्नुपर्नेछ ।
- यस सूचनामा उल्लेखित भए बाहेकका अन्य विषयमा प्रचलित ऐन, कानून बमोजिम हुनेछ ।

उद्धव प्रसाद श्रेष्ठ

निमित्त कार्यालय प्रमुख